नवराजपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालयनवराजपुर ,

# स्थानीय राजपत्र

खण्डः४ संख्याः८ नवराजपुर ,मितिः२०८२/१०/१०

**भाग २**
**नवराजपुर गाउँपालिका**

## योजना तथा बजेट प्रक्रियामा नागरिक संलन्गता निति

२०८१/२०८२

## विषय सूची

१पृष्ठभूमि . ........................................................................................ 2

२वर्तमान अवस्था . ................................................................................ 2

३नयाँ नीति .को आवश्यकता ...................................................................... 4

४) दूरदृष्टि .Vision) ................................................................................ 6

५) लक्ष्य .Mission) ................................................................................ 7

६रणनीतिक . उद्देश्य )Strategic Goal) ...................................................... 7

७) नीतिहरू .Policies) ............................................................................ 7

८) रणनीति .Strategy) ............................................................................ 8

९) कार्ययोजना .Action Plan) .................................................................. 8

१० .नवराजपुर गाउँपालिका कार्ययोजना ...................................................... 11

## १. पृष्ठभूमि

नेपालको संविधान, २०७२ ले प्रस्तावनामै समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तमा आधारित समतामूलक समाज निर्माण गर्ने संकल्प स्पष्ट रूपले व्यक्त गरेको छ। आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्नका लागि योजना तथा बजेट प्रक्रियामा नागरिकको सहभागिता मौलिक अधिकारका रूपमा स्थापित छ। नागरिकको जीवनमा प्रत्यक्ष असर पार्ने बजेटसम्बन्धी निर्णयहरूमा जनताको सार्थक सहभागिताले विवेकपूर्ण निर्णयलाई सक्षम बनाउँछ, बजेट विनियोजनलाई औचित्यपूर्ण बनाउँछ, तथा लक्षित क्षेत्र र समुदायमा प्रभावकारी लगानी गर्न सहयोग गर्छ।

नेपालमा नागरिक सहभागिता, समावेशी योजना निर्माण र पारदर्शिता प्रवर्द्धन गर्न विभिन्न कानुनी तथा नीतिगत प्रावधानहरू लागू छन्, जस्तै– नेपालको संविधान, २०७२; स्थानीय सरकार सञ्चालन ऐन, २०७४; सार्वजनिक सूचना ऐन, २०५८; बजेट तथा योजना कार्यान्वयनसम्बन्धी ऐन; महिला, दलित तथा जनजाति सहभागिता सम्बन्धी नीतिहरू; सामाजिक सुरक्षा तथा समावेशी विकास नीति; र स्थानीय विकासमा नागरिक सहभागिता नीति।

यससँगै निम्न कानुनी प्रावधानहरूले योजना तथा बजेट प्रक्रियामा नागरिक सहभागिताको दायरा थप स्पष्ट र व्यापक बनाएका छन्– आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७; सूचनाको हक ऐन, २०६४ र नियमावली, २०६५; सुशासन (व्यवस्था तथा सञ्चालन) ऐन, २०६४ र नियमावली, २०६५; सार्वजनिक खरिद ऐन, २०६३; राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४; अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४; र प्रदेश तथा स्थानीय तहका आर्थिक कार्यविधि सम्बन्धी व्यवस्था।

नेपालले मानव अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सन्धि र संयुक्त राष्ट्रसंघका प्रस्तावहरूमा हस्ताक्षर गरी, विशेष गरी महिला, दलित, जनजाति, मुस्लिम/मधेसी, अल्पसंख्यक तथा पछाडि पारिएका समुदायका अधिकार, सहभागिता र संरक्षण सुनिश्चित गर्ने दायित्व लिएको छ। त्यसैले नवराजपुर गाउँपालिकाले यी संवैधानिक, कानुनी र अन्तर्राष्ट्रिय दायित्वहरूको प्रभावकारी कार्यान्वयनमा निरन्तर प्रतिबद्ध रहनेछ।

हालसम्म बजेट प्रक्रियामा नागरिक सहभागिताको अभ्यास लोकतान्त्रिक सुधार र संवैधानिक विकाससँगै विस्तारित हुँदै आएको छ। प्रारम्भिक चरणमा सहभागिता सीमित थियो, तर संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ लागू भएपछि जनसहभागिता अनिवार्य प्रक्रियाका रूपमा स्थापित भएको छ। समावेशी बजेटिङ अभ्यासले बजेट निर्माण, कार्यान्वयन र निगरानीमा पारदर्शिता, जवाफदेहिता र प्रभावकारिता सुनिश्चित गर्न सहयोग गरेको छ। नवराजपुर गाउँपालिकामा वडा-स्तरमा खुला छलफलमार्फत योजना छनोट हुँदै आएको छ, उपभोक्ता समितिमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गरिएको छ, र विभिन्न सेवा कार्यक्रमहरूमा नागरिक संवाद र सहकार्यको प्रारम्भिक अभ्यास समेत अघि बढाइएको छ (जस्तै– पोषण तथा लघुवित्तसम्बन्धी कार्यक्रमहरू)।

**नागरिक सहभागिताको सार र अभ्यास**

नागरिक सहभागिता भन्नाले वित्तीय नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा नागरिक, नागरिक संस्था, समुदाय, पेशागत समूह, शैक्षिक तथा गैरसरकारी संस्था र सरकारबीचको प्रत्यक्ष संवाद र सहकार्यलाई जनाइन्छ। यसले परामर्श, साझेदारी र सशक्तीकरणको प्रक्रियामार्फत नीति निर्माणलाई जनमुखी र जवाफदेही बनाउँछ।

**नागरिक सहभागिताका मुख्य क्षेत्रहरू**

- ✓ वार्षिक बजेट चक्र (तर्जुमा, अनुमोदन, कार्यान्वयन, लेखापरीक्षण)
- ✓ वित्तीय योजना तथा नीति निर्माण/परिमार्जन
- ✓ वस्तु तथा सेवा वितरण
- ✓ सार्वजनिक लगानी परियोजना– तयारी, मूल्याङ्कन र कार्यान्वयन

**सार्थक सहभागिताका चरणहरू**

- ✓ सूचना प्रवाह

- ✓ परामर्श (Consultation)
- ✓ संलग्नता (Engagement)
- ✓ साझेदारी (Partnership)
- ✓ सशक्तीकरण (Empowerment)

यी सबै चरण प्रभावकारी रूपमा कार्यान्वयन हुँदा सरकार र नागरिकबीचको विश्वास, सेवा प्रवाहमा पारदर्शिता, र विकासमा अपनत्व/स्वामित्वको भावना बलियो हुन्छ। नवराजपुर गाउँपालिकाले योजना तथा बजेट प्रक्रियामा सबै वर्ग र समुदायको सहभागिता सुनिश्चित गर्दै सहभागी लोकतन्त्र र समावेशी विकासको अभ्यासलाई थप संस्थागत गर्दै जाने उद्देश्य राख्दछ।

## २. वर्तमान अवस्था

नवराजपुर गाउँपालिकाले संघीय नमुना कानुनको आधारमा आर्थिक कार्यविधि ऐन तथा नियमावली तयार पारेको भए पनि योजना, बजेट तर्जुमा, अनुमोदन, कार्यान्वयन र निगरानीका सम्पूर्ण चरणमा नागरिक सहभागितालाई स्पष्ट र सुदृढ रूपमा सुनिश्चित गर्ने व्यवस्था अझै सीमित देखिन्छ। बस्ती/टोल-स्तरबाट आयोजना छनोटको औपचारिकता पूरा गरिए तापनि अन्य चरणहरूमा नागरिकले सार्थक रूपमा आवाज राख्न पाउने अवसर तुलनात्मक रूपमा न्यून देखिन्छ।

### बजेट तर्जुमा प्रक्रिया र सहभागिता

सात-चरणीय प्रक्रिया औपचारिक रूपमा अवलम्बन गरिएको भए पनि समय, साधन र संयोजनका कारण वडास्तरमा कागजी औपचारिकतामा सीमित हुने प्रवृत्ति देखिन्छ। स्थानीय सामाजिक तथा आर्थिक अवस्थाको मूल्याङ्कन, गरिबी स्थिति, स्रोतको अवस्था र विकास आवश्यकता सम्बन्धी विश्लेषण गरिए तापनि निर्णय प्रक्रियामा नागरिकको अभिमत स्पष्ट संरचनाबाट समेट्ने अभ्यास अझ सुदृढ हुन आवश्यक छ। सहभागी योजना छनोट, लागत साझेदारी विधि, उपभोक्ता समिति गठन, वार्षिक नीति तथा कार्यक्रमको प्राथमिकिकरण जस्ता अभ्यास भए पनि सबै समूहको प्रतिनिधित्वयुक्त

सहभागिता सबै तहमा सन्तुलित छैन। हाल नागरिक सहभागिता विशेषगरी तेस्रो चरण (गाउँ/टोल-स्तरको योजना छनोट) मा केन्द्रित छ।

### अवगतता र पहुँच

बजेट प्रक्रियाबारे नागरिकको अवगतता अपेक्षाकृत न्यून छ। सूचना प्रवाहको कमी, बजेट विषयक तालिम/सचेतना कार्यक्रमको अभाव, र बजेट दस्तावेजको जटिलता नागरिक सहभागितामा अवरोध बन्छ। वडास्तरमा सूचना टाँस्ने, भेला आयोजना गर्ने, र वेबसाइटमार्फत सामग्री सार्वजनिक गर्ने अभ्यास भए पनि सूचनालाई सहज बुझिने ढाँचामा प्रस्तुत गर्ने सुधार आवश्यक छ।

### संरचनात्मक तथा कार्यान्वयन पक्षका चुनौती

स्रोत अनुमान, बजेट सीमा निर्धारण, पूर्व-बजेट छलफल, मध्यमकालीन खर्च संरचना, परियोजना बैंक विकास र बजेट वक्तव्य सार्वजनिकरण जस्ता अभ्यासहरू कतिपय अवस्थामा औपचारिकतामै सीमित छन्। राजस्व परामर्श समिति, बजेट सीमा निर्धारण समिति, तथा कार्यक्रम तर्जुमा समितिहरूले प्रभावकारी नागरिक सहभागिता सुनिश्चित गर्न अझ सुदृढ समन्वय आवश्यक छ।

### जवाफदेहिता र पारदर्शिता

निर्माण व्यवसायी छनोट, गुणस्तरीय मूल्याङ्कन, अनुगमन र प्रतिवेदन सार्वजनिकरणमा नागरिक सहभागिता न्यून छ। सामाजिक लेखापरीक्षण, सार्वजनिक सुनुवाइ, गुनासो व्यवस्थापन प्रणाली, र नियमित लेखापरीक्षणका अभ्यासहरूलाई संस्थागत तथा दिगो बनाउने आवश्यकता छ।

### सकारात्मक अभ्यासहरू

यद्यपि चुनौतीहरू छन्, नवराजपुर गाउँपालिकाले केही सकारात्मक अभ्यासहरू सुरु गरिसकेको छ– ई-गभर्नेन्स प्रवर्द्धन र दस्तावेजको डिजिटल प्रकाशन; सुशासन ऐन, २०८० अनुसार सूचनादाता संरक्षण, सार्वजनिक सुनुवाइ, सामाजिक लेखापरीक्षण, गुनासो व्यवस्थापन प्रणाली स्थापना; र आयोजनाको छनोटमा नागरिक सहभागिता सुनिश्चित

गर्ने प्रयास। यी अभ्यासहरूले आधार निर्माण गरेका छन्, तर विश्वासको खाडल, क्षमताको कमी र संरचनागत चुनौतीहरूलाई सम्बोधन गर्दै समग्र बजेट चक्रमा समावेशी, उत्तरदायी र पारदर्शी सहभागिता विस्तार गर्न थप सुधार आवश्यक छ।

### ३. नयाँ नीतिको आवश्यकता

संविधान तथा संघ/प्रदेश/स्थानीय कानुनी प्रावधानहरूले नागरिक सहभागितालाई विकासको आधारभूत मूल्यका रूपमा स्थापित गरेका छन्। तर नवराजपुर गाउँपालिकामा योजना निर्माणदेखि कार्यान्वयन र मूल्याङ्कनसम्मका सबै चरणमा नागरिक सहभागिता सुनिश्चित गर्ने स्पष्ट, संस्थागत र व्यवहारिक नीति अझ बलियो बनाउन आवश्यक छ। यस नीतिबाट परिणाममुखी सार्वजनिक वित्त व्यवस्थापन (PFM) प्रणाली सुदृढ हुनेछ।

**प्रमुख समस्या (सङ्क्षेपमा)**

- कानुनी/नियमावलीको पूर्ण कार्यान्वयन कमजोर हुनु
- बजेट अभाव, अस्पष्ट कार्ययोजना, कार्यान्वयन क्षमतामा कमी
- स्रोत अनुमान, बजेट सीमा निर्धारण, पूर्व-बजेट छलफल, MTEF, परियोजना बैंक, बजेट सार्वजनिकरणजस्ता अभ्यास औपचारिकतामै सीमित हुनु
- राजनीतिक/प्रशासनिक अस्थिरता, अपारदर्शिता, र पहुँच-असमानता

**समाधान र नीति निर्माणको औचित्य**

- वित्तीय सूचनाको पहुँच र सरल ढाँचामा प्रवाह
- नागरिक परामर्श र राय संकलनका विधि औपचारिक प्रक्रियाका रूपमा स्थापना
- परियोजना छनोटदेखि अनुगमनसम्म सहभागिताका स्पष्ट संयन्त्र
- चेकलिस्ट र अभिलेखीकरणमार्फत समावेशी सहभागिताको निगरानी
- सामाजिक अडिट, सार्वजनिक सुनुवाइ र गुनासो व्यवस्थापन बलियो बनाउँदै जवाफदेहिता सुनिश्चित

**प्रमुख सहभागिता क्षेत्र र चरण**

- बजेट निर्माण (पूर्व-बजेट परामर्शदेखि तर्जुमा, कार्यान्वयन र लेखापरीक्षण)
- विकास योजना/परियोजना छनोट
- कार्यक्रमको अनुगमन र मूल्याङ्कन
- नीति तथा निर्णय प्रक्रियामा प्रत्यक्ष सहभागिता
- सार्वजनिक मञ्च/सामाजिक सञ्जाल र समुदाय-स्तरीय नेतृत्व अभ्यास

## ४. दूरदृष्टि (Vision)

नागरिक सहभागिता, समावेशिता, पारदर्शिता र उत्तरदायित्वमा आधारित परिणाममुखी योजना तथा बजेट प्रक्रिया संस्थागत भएको नवराजपुर गाउँपालिका निर्माण गर्ने।

## ५. लक्ष्य (Mission)

सबै वर्ग, समुदाय र नागरिकलाई योजना तथा बजेट प्रक्रियामा सार्थक रूपमा संलग्न गराई समावेशी, पारदर्शी, जवाफदेही र दिगो विकास अभ्यासलाई संस्थागत गर्ने।

## ६. रणनीतिक उद्देश्य (Strategic Goal)

नवराजपुर गाउँपालिकाको योजना तथा बजेट प्रक्रियामा नागरिक सहभागिता र समावेशी सिद्धान्तको व्यवहारिक कार्यान्वयन सुनिश्चित गर्ने।

## ७. नीतिहरू (Policies)

नवराजपुर गाउँपालिकाले नागरिक सहभागिता संस्थागत गर्न निम्न नीतिहरू अवलम्बन गर्नेछ:

- सार्वजनिक वित्त व्यवस्थापन चक्रका सबै चरण (तर्जुमा, अनुमोदन, कार्यान्वयन, लेखापरीक्षण) मा नागरिकको सूचित, स्वेच्छिक र समावेशी सहभागिता सुनिश्चित गर्ने।
- पूर्व-बजेट परामर्श, नागरिक बजेट, मध्यमकालीन खर्च संरचना (MTEF), परियोजना बैंक निर्माणजस्ता प्रक्रियामा नागरिकको अभिमत समेट्ने।

- वित्तीय सूचनालाई सरल र बुझिने ढाँचामा प्रकाशन गर्दै सूचना-पहुँच अभिवृद्धि गर्ने।
- सामाजिक जवाफदेहिताका औजार (सार्वजनिक सुनुवाइ, सामाजिक लेखापरीक्षण, गुनासो व्यवस्थापन आदि) नियमित र प्रभावकारी रूपमा लागू गर्ने।
- संलग्न सबै निकाय (नागरिक, कर्मचारी, जनप्रतिनिधि) को क्षमता अभिवृद्धि गर्ने।
- सूचनाको हक अन्तर्गत स्वसक्रिय प्रकाशन अभ्यास सुदृढ गर्ने।
- समावेशी सहभागिता सुनिश्चित गर्न लक्षित समूहहरूका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने।
- **सहभागिताका सबै संरचनामा न्यूनतम प्रतिनिधित्व सुनिश्चित गरिनेछ (कम्तीमा ४०% महिला; साथै दलित/जनजाति, मुस्लिम/मधेसी, अपाङ्गता भएका व्यक्ति, आर्थिक रूपमा कमजोर समुदायको अर्थपूर्ण सहभागिता)।**
- **GRB (Gender-Responsive Budgeting) र GEDSI ट्यागिङ अनिवार्य हुनेछ, बजेट/कार्यक्रमको वर्गीकरण र सार्वजनिक प्रतिवेदनमा स्पष्ट रूपमा उल्लेख हुनेछ।**

## ८. रणनीति (Strategy)

नागरिक सहभागिता अभिवृद्धि गर्न निम्न रणनीतिहरू लागू गरिनेछ:

- **संस्थागत संरचना विकास**– वडादेखि पालिका तहसम्म नागरिक सहभागिताका लागि स्पष्ट संयन्त्र निर्माण।
- **सूचना प्रणाली सुधार**– वेबसाइट, सूचना पाटी, मोबाइल एप, सामाजिक सञ्जालमार्फत बजेट/योजना जानकारीको प्रवाह।
- **जनपरामर्श र छलफल संयन्त्र**– सर्वेक्षण, कार्यशाला, टोल-स्तरीय सभा, सार्वजनिक सुनुवाइबाट राय/पृष्ठपोषण संकलन।

- **समावेशी अनुगमन प्रणाली**– सबै वर्गको प्रतिनिधित्व सुनिश्चित गर्दै योजना अनुगमन र मूल्याङ्कन।
- **प्रविधिको प्रयोग**– डिजिटल पहुँचमार्फत सजिलो सहभागिता।
- **साझेदारी**– नागरिक समाज, निजी क्षेत्र र संघ-संस्थासँग सहकार्य।
- **क्षमता अभिवृद्धि**– जनप्रतिनिधि, कर्मचारी र समुदायका लागि तालिम/अभ्यास कार्यक्रम।
- **पहुँचयोग्य व्यवस्था**– सार्वजनिक कार्यक्रम/स्थलहरूमा र्याम्प, ह्वीलचेयर-मैत्री पहुँच, सांकेतिक भाषा दुभाषे, ब्रेल/ठूलो अक्षर सामग्री, आवश्यक परे बच्चा-हेरचाह कक्षको व्यवस्था।
- **भाषिक समावेशिता**– नेपालीसँगै स्थानीय भाषाहरू (मैथिली/भोजपुरी/थारू आदि) मा सामग्री/सूचना उपलब्ध गराइनेछ।
- **Do-No-Harm/सेफगार्डिङ**– GBV/भेदभावविरुद्ध शून्य सहनशीलता; गोपनीयता र सुरक्षा मापदण्ड कडाइका साथ

## ९. कार्ययोजना (Action Plan)

उपरोक्त रणनीतिहरूको कार्यान्वयनका लागि समयबद्ध कार्ययोजना निर्माण र कार्यान्वयन गरिनेछ, जसमा निम्न पक्षहरू समेटिने छन्:

- **जिम्मेवारी निर्धारण**: सम्बन्धित शाखा/वडा/कर्मचारीको स्पष्ट कार्यविभाजन,
- **समयसीमा**: छोटो/मध्यम/दीर्घकालीन कार्यका लागि लक्ष्यित समय,
- **बजेट विनियोजन**: आवश्यक स्रोत सुनिश्चित,
- **नियमित अनुगमन/मूल्याङ्कन**: प्रगति व्यवस्थापन र प्रतिवेदन,
- **परिमार्जन/अद्यावधिक**: आवश्यकताअनुसार लचकता।
- **खण्डीकृत तथ्याङ्क**– सबै योजनामा ♀/♂/अन्य, उमेर, अपाङ्गता, सामाजिक समूह र भू-क्षेत्रका आधारमा तथ्याङ्क *Washington Group Short Set* सन्दर्भमा संकलन/विश्लेषण गरिनेछ।

- **गुनासो/उजुरी संयन्त्र**– गोपनीयता र सुरक्षासहित; आवश्यक परे कानुनी तथा मनो-सामाजिक सेवामा *रेफरल पाथवे* कार्यान्वयन गरिनेछ।

## १०. नवराजपुर गाउँपालिका कार्ययोजना

**उद्देश्य:**

नवराजपुर गाउँपालिकाको योजना तथा बजेट प्रक्रियामा नागरिक सहभागिता र समावेशी सिद्धान्तको व्यवहारिक कार्यान्वयन गर्ने।

**उपलब्धि मापनको सूचक:**

योजना तथा बजेट तर्जुमा प्रक्रियामा नागरिक सहभागिता अभिवृद्धिका लागि आवश्यक नीतिगत, कानूनी एवं संस्थागत प्रबन्ध गरी अभ्यासमा भएको प्रगति।

**प्रमुख रणनीतिहरु:**

बजेट प्रक्रियालाई निर्देशित र व्यवस्थित गर्ने सहभागिता र समावेशिताका सिद्धान्त सहितको कार्यढाँचा निर्माण र कार्यान्वयन गर्ने तथा आपूर्ति पक्ष (नवराजपुर गाउँपालिका) र माग पक्ष (समुदायको) क्षमता विकासलाई प्राथमिकताका साथ अघि बढाउने।

**चरण १(प्रक्षेपण सहित आवधिक योजना र रणनीतिक) बजेट तर्जुमा :**

| **क्रियाकलाप** | **प्रगति मापनका सूचक** | **श्रोत** | **समय** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय** |
|---|---|---|---|---|---|
| १सहभागितामूलक .१. आवधिक योजना तर्जुमा कार्यविधि तयार गर्ने। | आवधिक योजना तर्जुमा कार्यविधिको उपलब्धता। | गाउँपालिकाको वेबसाइट | प्रथम वर्ष | गाउँ कार्यपालिका | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय र प्रदेश योजना आयोग |
| १आवधिक योजना .२. निर्माणका क्रममा समुदाय, वडा र गाउँ | आवधिक योजना तर्जुमा मस्यौदा सार्वजनिकीकरण र | गाउँपालिकाको वेबसाइट | हरेक पाँच वर्ष | गाउँ कार्यपालिका | सङ्घीय मामिला तथा सामान्य |

| | | | | | |
|---|---|---|---|---|---|
| तहका नागरिकसँग प्रत्यक्ष छलफल गर्ने, प्रारम्भिक मस्यौदा तयार भएपछि नागरिक सुझावका लागि सार्वजनिक गर्ने र अन्तिम मस्यौदा पनि सार्वजनिक गर्ने। | नागरिक सुझावको विवरण प्रकाशित पुस्तिका | | | | प्रशासन मन्त्रालय, राष्ट्रिय र प्रदेश योजना आयोग |
| १स्थानीय .क .३. बजेट तर्जुमा दिग्दर्शनमा व्यवस्था गरी अर्ध वार्षिक समीक्षा लगतै आगामी ३ बर्षको आय र व्यय प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गरी नागरिक पृष्ठपोषणका लागि सार्वजनिक गर्ने। खमस्यौदामाथि . नागरिक पृष्ठपोषण संकलन गर्ने र नागरिक संस्थाका प्रतिनिधि समेतसँग छलफल गरी अन्तिम प दिने र सार्वजनिक रु गर्नेे। | नागरिक सुझाव र परामर्श सहितको मध्यमकालीन खर्च संरचना को मस्यौदा, नागरिक सुझाव र पृष्ठपोषणको सूचना तथा अभिलेख | गाउँपालिकाको वेबसाइट | हरेक वर्ष | गाउँ कार्यपालिका | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय र प्रदेश योजना आयोग र अर्थ मन्त्रालय |

| | | | | | |
|---|---|---|---|---|---|
| १सहभागितामूलक .४. विधिबाट परियोजना बैङ्क तयार गरी संघीय सूचना प्रणालीमा प्रविष्टी गर्नुका साथै सार्वजनिक गर्ने। | सहभागितामूलक विधिबाट तयार पारिएको, परियोजना बैङ्क र विवरण | गाउँपालिकाको वेबसाइट | हरेक वर्ष | गाउँ कार्यपालिका | राष्ट्रियप्रदेश / योजना आयोग |
| १आवधि .५.क योजना, मध्यमकालीन खर्च संरचना तथा आयोजना बैंक निर्माणको संयोजन गर्न बजेट तथा योजना शाखा वा एकाई गठन गर्ने। | शाखा वा एकाईगठन गरेका निर्णय पुस्तिकाको सार्वजनिकीकरण | सङ्गठन संरचना तथा जनशक्ति | दोस्रो वर्षदेखि निरन्तर | गाउँ कार्यपालिका | सङ्घीय मालिम तथा सामान्य प्रशासन मन्त्रालय |
| १गाउँको जिम्मेवार .६. कर्मचारी तथा पदाधिकारीलाई त्रिवर्षीय आय तथा व्यय अनुमान सहितको मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धमा तालिम उपलब्ध गराउने। | तालिम प्राप्त पदाधिकारी तथा कर्मचारी सङ्ख्या, तालिम प्रतिवेदन तथा अभिलेखहरू | स्थानीय सरकार, सङ्घीय सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र, प्रदेश सुशासन केन्द | प्रथम वर्ष र हरेक दुई वर्ष | स्थानीय सरकार, सङ्घीय सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र, प्रदेश सुशासन केन्द | सङ्घीय मालिम तथा सामान्य प्रशासन मन्त्रालय |
| १बजेट तर्जुमाका .७. सातवटै चरणमा अवलम्बन गरिने सहभागिता र | सात चरणको व्याख्या सहितको बजेट तर्जुमा दिग्दर्शन र बजेट | गाउँपालिकाको वेबसाइट | प्रथम वर्ष र नियमित | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण | गाउँ कार्यपालिका |

| | | | | | |
|---|---|---|---|---|---|
| सहजीकरणको विधि परिभाषित गरी स्थानीय बजेट तर्जुमा दिग्दर्शनको अभिन्न अङ्गका रुपमा समावेश गर्ने तथा सहभागीको लैङ्गिक लगायत खण्डीकृत विवरण र सुझाव तथा पृष्ठपोषणको अभिलेख राख्ने अनिवार्य प्रबन्ध गर्ने। | तर्जुमा गोष्ठीमा सहभागीको खण्डीकृत तथ्याङ्क उपलब्धता | | | समिति, कार्यक्रम तथा बजेट तर्जुमा समिति | |
| १बस्ती व .८.ा टोल स्तरको योजना तर्जुमा गोष्ठीबाट प्राप्त सुझावका आधारमा वडा स्तरका विकास कार्यक्रमको प्राथमिकीकरणका सन्दर्भमा शैक्षिक संस्था, स्वास्थ्य संस्था, उपभोक्ता समिति, सहकारी, आमा समूह, महिला समूह आदिका प्रतिनिधिसँग वडा समितिले परामर्श गर्ने संस्थागत विधि | वडा स्तरीय परामर्श बैठक संख्या, कार्यक्रमको प्रतिवेदन | कार्यक्रमको प्रतिवेदन | दोस्रो वर्ष र हरेक वर्ष | वडा समितिहरू | गाउँ कार्यपालिका |

| | | | | | |
|---|---|---|---|---|---|
| बनाउने। | | | | | |
| १क्षेत्र र उपक्षेत्रगत .९. बजेट सीमा निर्धारण गरी आगामी आर्थिक बर्षको बजेटको सीमा र मार्गदर्शन टोल भेला अघि निर्माण गरी सार्वजनिक गर्ने। | कुल र क्षेत्रगत बजेट सीमाको उपलब्धता | गाउँपालिकाको वेबसाइट | हरेक वर्ष | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति | गाउँ कार्यपालिका |
| १स्रोत अनुमान .१०. तथा बजेट सीमा निर्धारण समिति, राजस्व परामर्श समिति र कार्यक्रम तथा बजेट तर्जुमा समितिले आफ्नो कार्य सम्पन्न गर्नु पूर्व कम्तीमा एकपटक गाउँ स्तरमा नागरिक समाजसँग छलफल गरी राय सुझाव लिने। | सहभागितामूलक बैठकको सङ्ख्या, बैठकका प्रतिवेदन, अभिलेख | बैठकका प्रतिवेदन, अभिलेख | हरेक वर्ष | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र राजस्व परामर्श समिति | गाउँ कार्यपालिका |
| १आधारभूत .११. चालु ) वित्तीय सूचना आर्थिक बर्षको आर्थिक सामाजिक अवस्था, आगामी आर्थिक बजेटको कुल र क्षेत्र र उपक्षेत्र तथा वडागत सीमा तथा आयको | बजेट विवरणको उपलब्धतापूर्व बजेट परामर्श सङ्ख्या, सूचना तथा परामर्श बैठकका अभिलेख | गाउँपालिकाको वेबसाइट | प्रथम वर्ष र हरेक वर्ष | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र राजस्व परामर्श | गाउँ कार्यपालिका |

| | | | | | |
|---|---|---|---|---|---|
| संरचना र सान्दर्भिक स्थानीय तथ्याङ्क ( सहितको पूर्व बजेट विवरण तयार गर्ने तथा नागरिक सङ्घ संस्थाका प्रतिनिधि र आम नागरिकसँग गरिने खुला रुपमा पूर्व बजेट छलफल गर्ने। | | | | समिति | |
| १नीति तथा .१२. कार्यक्रम र बजेट प्रस्तुति बीचका समय दिन ७ कम्तीमा बनाउने अर्थात् असार गते भित्र नीति तथा ३ कार्यक्रम सभामा पेस गर्ने र त्यसमाथि नागरिक सुझाव /टिप्पणी उपलब्ध हुने अवसर प्रबन्ध गर्ने। | परिमार्जित कार्यतालिका सहितको अद्यावधिक बजेट तर्जुमा दिग्दर्शनको उपलब्धता, नीति तथा कार्यक्रमबारे टिप्पणी तथा सुझावको अभिलेख | गाउँपालिकाको वेबसाइट | प्रथम वर्ष | गाउँ कार्यपालिका | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| १राजस्व परामर्श .१३. समितिले हरेक वर्ष आफ्नो प्रतिवेदन तयार गर्नु अघि विभिन्न नागरिक संस्थाका प्रतिनिधिसँग राजस्वका दायरा, दर, | राजस्व नीतिका सन्दर्भमा नागरिक सुझाव र पृष्ठपोषण को संख्या, सूचनाहरू, सहभागिता मूलक बैठक तथा | सूचनाहरू, सहभागिता मूलक बैठक तथा सुझावको अभिलेख तथा प्रतिवेदन | हरेक वर्ष | राजस्व परामर्श समिति | गाउँ कार्यपालिका |

| | | | | |
|---|---|---|---|---|
| क्षेत्र आदिबारे छलफल गर्ने तथा आम नागरिकलाई राय सुझाव संकलन गर्ने। | सुझावको अभिलेख तथा प्रतिवेदन | | | |
| १सङ्घीय .१४. सरकारबाट उपलब्ध गराइएको दिग्दर्शनमा आधारित रहेर स्थानीय बजेट तर्जुमा नमूना दिग्दर्शनमार्फत् महिला, दलित, अपाङ्गता भएका व्यक्ति, बालबालिका आदि समूहको लक्षित कार्यक्रम निर्माण र प्राथमिकीकरणको विधि निर्धारण गरी कार्यान्वयन गर्ने। | परिमार्जित बजेट तर्जुमा दिग्दर्शनको उपलब्धता | | प्रथम वर्ष र नियमित | गाउँ कार्यपालिका |
| १सङ्घीय .१५. सरकारबाट उपलब्ध गराइएको नमुना दिग्दर्शनमा आधारित रहेर स्थानीय लैङ्गिक बजेट तर्जुमा दिग्दर्शन निर्माण गर्ने। | स्थानीय लैङ्गिक बजेट तर्जुमा दिग्दर्शनको उपलब्धता | गाउँपालिकाको वेबसाइट | प्रथम वर्ष | गाउँ कार्यपालिका |
| १प्रशासनिक .१६., कार्यगत र लैङ्गिक बजेट वर्गीकरण | वर्गीकृत बजेट सूचना सहितको बजेट पुस्तिकाको | गाउँपालिकाको वेबसाइट | हरेक वर्ष | कार्यक्रम तथा बजेट तर्जुमा |

| | | | | | |
|---|---|---|---|---|---|
| सहितको बजेट पुस्तिका सार्वजनिक गर्ने। | उपलब्धता | | | समिति | |
| १प्रस्तावित .१७. कार्यक्रम र बजेट स्थानीय बजेट सूचना मा (सूत्र) प्रणाली प्रविष्टि र बजेटको अनुसूची तयारीलाई एकसाथ अघि बढाउने सँगै र बजेट वक्तव्य बजेटका अनुसूची गाउँ सभामाप्रस्तुत गर्ने र सार्वजनिक गर्ने। | बजेटका अनुसूची सहितको बजेट प्रस्ताव सार्वजनिक गर्ने स्थानीय तहको सङ्ख्या | गाउँपालिकाको वेबसाइट | हरेक वर्ष बजेट प्रस्ताव प्रस्तुत हुने दिन | कार्यक्रम तथा बजेट तर्जुमा समिति | लेखा तथा बजेट शाखा र स्थानीय कार्यपालिका |
| १स्थान .१८.ीय तहको नागरिक बजेट बजेटको सरल ) प्रकाशन गर्ने (प्रस्तुति र आम नागरिकले बजेटमा सुसूचित धारणा बनाउन सक्ने अवसर उपलब्ध गराउने। | नागरिक बजेट को सार्वजनिक उपलब्धता | गाउँपालिकाको वेबसाइट | हरेक वर्ष बजेट प्रस्ताव प्रस्तुत हुने दिन | कार्यक्रम तथा बजेट तर्जुमा समिति | स्थानीय कार्यपालिका |

**चरण २बजेट अनुमोदन :**

| **क्रियाकलाप** | **प्रगति मापनका सूचक** | **श्रोत** | **समय** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय** |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| २गाउँ सभाले बजेटमा .१. छलफल सुरु गर्नुभन्दा केही दिन अघिसम्म बजेटबारे सभालाई नागरिकले सुझाव दिने गराउन अवसर उपलब्ध, नागरिक सङ्घ संस्था तथा सञ्चार माध्यमसँग परामर्श गर्ने र त्यस्ता सुझावका बारेमा सभामा छलफलको प्रबन्ध मिलाउने। | गाउँसभाले बजेटका विभिन्न पक्षमा लिइएको नागरिक सुझाव को संख्या | प्रतिवेदन, अभिलेख, खुला सुनुवाई | हरेक वर्ष बजेट प्रस्तुत भएपछि पारित नहुँदासम्म | गाउँ सभा | गाउँपालिका कार्यपालिका |
| २सभामा बजेट पेस .२. भएपछि बजेट वक्तव्य र अनुसूची सदस्यलाई अध्ययन गर्न र नागरिकबाट सभाले सुझाव दिनको समय ७ प्राप्त गर्न दिने र त्यसपछि बजेटमा दफावार छलफल गरी पारित गर्ने प्रक्रिया अघि बढाउने प्रबन्ध गर्ने। | परिमार्जित स्थानीय सभा सञ्चालन कार्यविधि र अभ्यास, सभाको अभिलेख तथा खुला सुनुवाइ | सभाको अभिलेख तथा खुला सुनुवाइ | प्रथम बर्ष, हरेक वर्ष बजेट प्रस्तुत भएपछि | गाउँ सभा | गाउँ कार्यपालिका |
| २विपद् प्रतिकार्य कोष .३. तथा मर्मत सम्भार कोषबाहेक सबै रकम कार्यक्रम र शीर्षकगत राख्नुका साथै विषय रुपमा क्षेत्र, प्रशासनिक एकाइका | विस्तृत बजेट सूचना सहितको स्वीकृत योजना तथा बजेट पुस्तिका | गाउँपालिकाको वेबसाइट | हरेक वर्ष | गाउँ कार्यपालिका | |

आधारमा सजिलै छुट्याउन सकिने बजेट सूचना प्रस्तुत गरी बजेट पुस्तिका तयार गर्ने।

**चरण ३बजेट कार्यान्वयन :**

| **क्रियाकलाप** | **प्रगति मापनका सूचक** | **श्रोत** | **समय** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय** |
|---|---|---|---|---|---|
| ३मासिक .१., त्रैमासिक, अर्ध वार्षिक र वार्षिक समीक्षा तथा प्रतिवेदन निर्माण र प्रकाशनको कार्यतालिका स्थानीय आर्थिक कार्यविधि नियमावलीमा निर्धारण गरी कार्यान्वयन गर्ने। मध्यमकालीन समीक्षा प्रतिवेदन माथि नागरिक संवाद वा सुनुवाइको प्रबन्ध पनि गर्ने। | बजेट क्यालेन्डर सहितको आर्थिक कार्यविधि नियमावलीको उपलब्धता, वित्तीय प्रगति प्रतिवेदनको समयबद्ध सार्वजनिकीकरण | गाउँपालिकाको वेबसाइट | प्रथम वर्ष र हरेक बर्ष मासिक), त्रैमासिक, अर्ध वार्षिक र वार्षिक( | गाउँ कार्यपालिका | |
| ३ .२.उपभोक्ता समिति गठन र समिति सञ्चालन, पारदर्शिता र सुशासनका निश्चित मापदण्ड सहितको | उपभोक्ता समिति सञ्चालन कार्यविधि को उपलब्धता | गाउँपालिकाको वेबसाइट | प्रथम वर्ष | गाउँ सभाहरू | गाउँ कार्यपालिका |

| | | | | |
|---|---|---|---|---|
| स्थानीय कानुन बनाई कार्यान्वयन गर्ने। | | | | |
| ३सङ्घीय .३. सार्वजनिक खरिद ऐन बमोजिम स्थानीय खरिद नियमावली निर्माण गरी निश्चित रकम भन्दा माथिको आयोजनामा निर्माण व्यवसायी छनोटको प्रक्रियामा नागरिक पर्यवेक्षण प्रत्यक्ष वा ) को प्रबन्ध (भर्चुअल गर्ने। सार्वजनिक खरिदका सवै विवरण खरिदको निर्णय हुने य बित्तिकै स्थानी सरकारको वेबसाइटबाट सार्‌वजनिक गर्ने व्यवस्था गर्ने। | नियमावलीको उपलब्धता भएका, सार्वजनिक खरिदको निर्णय पर्यवेक्षणमा नागरिक सहभागिता गराउने तथा सार्वजनिक खरिदको निर्णय सार्वजनिक गर्ने स्थानीय तहको सङ्ख्या | गाउँपालिकाको वेबसाइट | दोस्रो वर्ष र नियमित | गाउँ कार्यपालिका |
| ३गाउँ र वडा .क .४. स्तरमा वार्षिक पटक ३ न्यूनतम सार्वजनिक सुनुवाई गर्ने र बजेट कार्यान्वयनको मध्यावधि समीक्षामा आधारित रहेर गाउँ | बजेट कार्यान्वयनका सन्दर्भमा आयोजना सार्वजनिक गरिएको सुनुवाई का सङ्ख्या, सुनुवाईका अभिलेख तथा प्रतिवेदनहरू | सुनुवाईका अभिलेख तथा प्रतिवेदनहरू | नियमित कार्तिक), पौष र बैशाख( | गाउँ कार्यपालिका र वडा समिति |

| | | | | |
|---|---|---|---|---|
| स्तरमा कम्तीमा एउटा सार्वजनिक सुनुवाई मध्यावधि .गर्ने। ख समीक्षामा आधारित सार्वजनिक सुनुवाईमा राजस्व तथा खर्च बेग्लाबेग विवरणमा्लै छलफल गर्ने। | | | | |
| ३प्राकृतिक स्रोत .५. उत्खनन, व्यवसायिक भवनको भाडामा दिने प्रक्रिया तथा राजस्व सम्बन्धी अन्य ठेक्का प्रक्रियामा प्रतिनिधिमूलक नागरिक सहभागिता वा पर्यवेक्षण अनिवार्य गर्ने। | राजस्वसँग संवन्धित ठेक्का प्रक्रियामा नागरिक पर्यवेक्षणको अभ्यासमा भएको बढोत्तरी, निर्णय तथा सहभागिताका अभिलेख | निर्णय तथा सहभागिताका अभिलेख | नियमित | गाउँ कार्यपालिका |
| ३आन्तरिक ऋण .६., सार्वजनिक निजी साझेदारी जस्ता विधिबाट निर्माण गरिने परियोजनाको विस्तृत परियोजना प्रतिवेदन तयारी तथा ऋण वा साझेदारीको निर्णय सार्वजनिक छलफलको प्रक्रिया पूरा | विस्तृत परियोजना प्रतिवेदन तयारी सम्बन्धी सान्दर्भिक कार्यविधि तयारी र कार्यान्वयन, सार्वजनिक विस्तृत परियोजना प्रतिवेदन | गाउँपालिकाको वेबसाइट | नियमित | गाउँ कार्यपालिका |

| | | | | | |
|---|---|---|---|---|---|
| गरेर मात्र अघि बढाउने। | | | | | |
| ३गाउँ स्तरको .७. पूर्वाधार विकास आयोजनाको अनुगमन टोलीमा सम्बन्धित परियोजना क्षेत्रका संस्था नागरिक सङ्घ वा प्रतिनिधि समेतको सहभागितामा अनुगमन गर्ने, निश्चित रकम भन्दा माथिका आयोजनाको तेस्रो पक्ष अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने। | पूर्वाधार आयोजनाको सहभागितामूलक अनुगमनको अभ्यासमा सुधार, सार्वजनिक अनुगमन प्रतिवेदन तथा अभिलेख | सार्वजनिक अनुगमन प्रतिवेदन तथा अभिलेख | नियमित | गाउँ स्तरीय अनुगमन समिति, सुशासन समिति, सुस्थानीय नागरिक संस्था | गाउँ कार्यपालिका |
| ३आर्थिक विकास .८., सामाजिक विकास, विपद् व्यवस्थापन जस्ता क्षेत्रका गाउँ स्तरका प्रमूख कार्यक्रमको लाभग्राही तथा नागरिक सन्तुष्टि सर्वेक्षेण गर्ने। | नागरिक सन्तुष्टि सर्वेक्षणको अभ्यासमा सुधार, प्रतिवेदन तथा अभिलेखहरू | प्रतिवेदन तथा अभिलेखहरू | हरेक वर्ष कार्यक्रम सम्पन्न भएपछि | गाउँ योजना तथा बजेट शाखा | गाउँ कार्यपालिका |
| ३स्थानीय सरकार .९. र नागरिक सङ्घ संस्था दुवैले बजेट | कार्यान्वयनमा ल्याइएका सामाजिक | गाउँपालिकाको वेबसाइट | नियमित | स्थानीय सरकारहरू र नागरिक सङ्घ | |

| | | | | |
|---|---|---|---|---|
| कार्यान्वयनका गरिककोसन्दर्भमा ना सन्तुष्टि तथा गुणस्तर मापनका लागि सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक लेखापरीक्षण, सामुदायिक अङ्क पत्र, नागरिक प्रतिवेदनपत्र जस्ता औजार कार्यान्वयन गर्ने। | जवाफदेहिताका औजारको संख्या, सम्बन्धित प्रतिवेदन तथा अभिलेखहरू | | | संस्थाहरू |
| ३कार्यक्रम तथा .१०. परियोजनाका सन्दर्भमा नागरिकको गुनासो सङ्कलन तथा सम्बोधन गर्ने तथा सहभागितामूलक अनुगमनका लागि कार्यविधि बनाउने। | कार्यविधि संख्या | गाउँपालिकाको वेबसाइट | प्रथम वर्ष र बर्षभरि | गाउँ कार्यपालिका |
| ३महामारी र .११. विपदको समयमा गरिने बजेटको रकमान्तर र स्रोतान्तरको सूचना सार्वजनिक गर्ने तथा नागरिक संवाद गर्ने। | रकमान्तर सम्बन्धी सूचनाको उपलब्धता, नागरिक संवादको अभ्यास | गाउँपालिकाको वेबसाइट, सम्वाद तथा पृष्ठपोषणको अभिलेख | हरेक महिना | गाउँ कार्यपालिकाको सचिवालय |
| ३स्थानीय .१२. | सान्दर्भिक वित्तीय | गाउँपालिकाको | हरेक | गाउँ |

| | | | | |
|---|---|---|---|---|
| विनियोजन ऐनको सीमाभित्रबाट रकमान्तर र स्रोतान्तरका सूचना नियमित सार्वजनिक गर्ने। | सूचना नियमित सार्वजनिक गर्ने अभ्यास | वेबसाइट | महिना | कार्यपालिका सचिवालय |

**चरण ४निगरानी : तथा लेखापरीक्षण**

| **क्रियाकलाप** | **प्रगति मापनका सूचक** | **श्रोत** | **समय** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय** |
|---|---|---|---|---|---|
| ४गाउँ कार्यपालिकामा .१. प्रतिनिधित्व नगर्ने गाउँ ) सदस्यहरू मध्येबाट प्रमुखभन्दा फरक दलबाट (प्रतिनिधित्व गर्ने संयोजक रहनेगरी लेखा समिति निर्माण गर्ने। | सभा सञ्चालन नियमावलीमा व्यवस्था गरी लेखा समिति गठन को अभ्यास | गाउँपालिकाको वेबसाइट | पहिलो वर्ष वा सभाको पहिलो सत्र | गाउँ सभा | |
| ४महालेखा परीक्षकको .२. गाउँ प्रतिवेदन सार्वजनिक गर्ने, नागरिक र सञ्चार माध्यमसँग छलफल गर्ने र नागरिक सुझाव समेतका आधारमा र सार्वजनिक लेखाको निगरानीको गाउँ सभाको समितिले गर्ने। | लेखापरीक्षण प्रतिवेदन सार्वजनिक गर्ने र समिति र सभामा छलफल गर्ने स्थानीय तहको अनुपात | गाउँपालिकाको वेबसाइट, छलफलका अभिलेख | हरेक वर्ष | लेखा समितिहरू | गाउँ सभा |
| ४लेखा समितिले .३. बेरुजु लगायत महालेखा | सहभागितामूलक बैठकको संख्या, | सान्दर्भिक अभिलेख तथा | नियमित | लेखा | गाउँ |

| | | | | | |
|---|---|---|---|---|---|
| परीक्षकको प्रतिवेदनका इ तठम्याथा सुझाबमाथि गर्ने छलफलमा प्रतिनिधिमूलक नागरिक सहभागिता गराउने। | सान्दर्भिक अभिलेख तथा प्रतिवेदनहरू | प्रतिवेदनहरू | | समितिहरू | सभा |
| ४उपभोक्ता समिति र .४. अन्य प्रक्रियाबाट कार्यान्वयन हुनेकार्यक्रम तथा परियोजनाको सार्वजनिक लेखा परीक्षण गर्ने र निश्चित रकम भन्दा माथिका आयोजनाको सार्वजनिक लेखा परीक्षण तेस्रो पक्षबाट गर्ने। | सार्वजनिक लेखा परीक्षणको अभ्यास तथा तेस्रो पक्षबाट सार्वजनिक लेखापरीक्षण अभ्यास | गाउँपालिकाको वेबसाइट सार्वजनिक लेखा परीक्षण प्रतिवेदनहरू | पहिलो वर्ष र अन्तिम किस्ता भुक्तानी पूर्व | सुशासन समिति, लेखा समिति, नागरिक सङ्घ संस्था | गाउँ सभा |

आज्ञाले
(सरोज कुमार सिंह)
प्रमुख प्रशासकीय अधिकृत